# नेपाल राष्ट्र बैंक

## सहायक द्वितिय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०६६/०१/०५

पत्र : प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

## विषय :सामान्य ज्ञान, रचना र गणित।

### खण्ड : (क) सामान्य ज्ञान

**सबै प्रश्न समान अङ्कका छन्।**

१. नेपाल कहिले गणतन्त्र घोषित भयो ? वि.स. मा साल, महिना र गते लेख्नुहोस्।

२. नेपालको भित्री मधेशमा पर्ने जिल्लाहरूको नाम लेख्नुहोस्।

३. सप्तगण्डकी नदीका प्रमुख सात सहायक नदीहरू कुन कुन हुन् ?

४. बैंक तथा वित्तिय संस्था ऐन २०६३ अनुसार क, ख, ग,र घ वर्गमा कुन कुन बैंक तथा वित्तिय संस्थाहरू पर्दछन् ?

५. निम्न कृतिका लेखक को को हुन् ?

(क) राधा (ख) अविरल बग्दछ ईन्द्रावती (ग) मौन पहाड

६. अमेरीकी राष्ट्रपति बाराक ओवामा कुन पार्टीका हुन् ? उनले राष्ट्रपतिका पदभार कहिले सम्हाले ? इस्वी सन्मा मिति लेख्नुहोस्।

७. काष्ठमण्डप कुन राजाको पालामा बनेको हो ?

९. गुरूत्वाकर्षणको सिद्वान्त पत्ता लगाउने वैज्ञानिकको पूरा नाम के हो ?

१०. 'वेद', 'त्रिपटक' र 'कुरान' कुन कुन धर्मका ग्रन्थहरू हुन् ?

११. "चोरेर पास हुनुभन्दा फेल हुनु गौरब हो भनी मेरो छोरालाई सिकाई दिनोस्" यो उक्ति कसले कसलाई भनेको हो ?

१२. नेपाल, भारत र चीनका राष्ट्रिय खेल के के हुन् ?

१३. मोवाईल फोनको SIM Card मा प्रयोग हुने SIM को विस्तार रूप के हो ?

१४. पाँचौ राष्ट्रिय खेलकुद कहिले र कहाँ भयो ? यस खेलकुदको नारा के थियो ?

१५. Slum Dog Millionaire फिल्मले सन् २००८ को OSCAR पुरस्कार कति विधामा प्राप्त गऱ्यो ?

१६. नेपालमा पहिलो बाणिज्य बैंक कुन हो र यसको स्थापना कहिले भएको थियो ?

१७. नेपालमा पहिलो पटक कागजी नोट कति साल (वि.सं.) मा कुन निकायले निष्काशन गरेको थियो ?

१८. नेपाल राष्ट्र बैंकले हालको संचालक समितिको अध्यक्ष को हुनुहुन्छ ? उहाँको पूरा नाम लेख्नुहोस्।

१९. सन् २००९ मा G20 राष्ट्रहरूको बैठक कहिले र कहाँ बसेको थियो ?

२०. निम्न देशहरूको मुद्रालाई के भनिन्छ ?

(क) बंगलादेश (ख) थाईलैण्ड (ग) मलेसिया

### खण्ड "ख" रचना २० अङ्क

**तल दिइएका मध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस्।** १५

१. मेरो कल्पनाको नयाँ नेपाल

२. आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका

३. गुणात्मक शिक्षा, आजको आवश्यकता

**तल दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् र एक उपयुक्त शीर्षक पनि दिनुहोस्।** **५**

पहाड र तराईका बीच मुख्य तीन वटा अन्तरसम्बन्ध रहेका छन् । पहिलो पर्यावरणीय, दोश्रो जनसांख्यिकीय र तेश्रो आर्थिक । नेपालका सबै नदीहरू हिमालबाट पहाड हुँदै तराईतिर झरेका छन् । पहाडको पर्यावरणीय ह्रासले तराईलाई नराम्ररी असर गर्दछ । बाढी, पहिरो र भूक्षयले गर्दा उत्पादकत्व समेत घट्दछ। तराईको जनघनत्व बढ्नुमा पहाडबाट हुने बसाईसराई पनि एक हो। पहाडमा अवसरको कमि र कष्टकर जनजीवनले गर्दा तराई झर्न उत्प्रेरित गरिरहेको छ। यस्तो अव्यवस्थित बसाईसराईले जनसांख्यिकीय अव्यवस्था बढ्दै जान्छ । तराईका उत्पादनको बजारको रूपमा पहाडको विकास भईरहेको छ । पहाडको उत्पादनले तराईसंगको व्यापारमा सन्तुलन ल्याउन सकेको छैन। यसले बसाईसराईमा थप योगदान गरिरहेको छ। यसले पहाडमा थप प्रतिकूलता ल्याउँछ। पहाडका पढे लेखेका व्यक्ति तराईमा बसाईसराई गर्नु आर्थिक दृष्टिले पहाडको विपक्ष र तराईकै पक्षमा हुन्छ। यसर्थ तराई र पहाडको अन्तरसम्बन्धलाई सही विश्लेषण गरी उपर्युक्त तीन आधारको सन्तुलन मिलाई विकासको योजना बनाउन आवश्यक भईसकेको छ । पहाडबाट झरेका नदीहरूबाट विजुली, खानेपानी र सिंचाईको विकास गर्ने, पहाडलाई जडीबूटी, खनिज व्यवसाय, फलफूल खेती, पशुपालन, पर्यटन आदि क्षेत्रको विकास गर्ने, तराईलाई खाद्यान्न तथा नगदेवाली उत्पादन तथा प्रशोधनकेन्द्र बनाउन योजनाकारले उपयुक्त नीति निर्माण गर्नु पर्ने देखिन्छ।

## खण्ड "ग" (गणित) ५० अङ्क

**सबै प्रश्न समान अङ्कका छन्।**

१. प्रतिलिटर पेट्रोलबाट १० किलोमिटर चल्न सक्ने मोटरगाडी दश महिनामा ५,००० किलोमिटर दगुर्‍यो भने प्रतिलिटर रु. ६०/- का दरले प्रतिमहिना कति खर्च भयो होला ?

२. एउटा रेडियो रु. १७,०००/- मा विक्री गर्दा १५ प्रतिशत नोक्सान हुन्छ भने २५ प्रतिशत नाफा गर्न कतिमा विक्री गर्नु पर्ला ?

३. ३ जना मानिस वा ६ जना केटाले एउटा काम १५ दिनमा गर्न सक्छन् भने ७ जना मानिस र ४ जना केटाले सोही काम कति दिनमा गर्न सक्छन् ?

४. रामहरीले २०६५ साल फागुन १ गते ५ लाख रुपियां वार्षिक ६.५ प्रतिशत साधारण व्याजदरमा एविसी बैंकमा निक्षेप जम्मा गरेछन्। २०७० साल माघ मसान्तका दिन उक्त निक्षेप झिक्दा उनले कुल कति रकम पाउलान् ?

५. एउटा व्यक्तिले रु. ३,०००/- का दरले ख़रीद गरेका ३ वटा टेबुल बेच्दा पहिलोमा १५ प्रतिशत र दोश्रोमा १७ प्रतिशत मुनाफा भएछ। तेश्रो टेबुल बेच्दा भने केही टूटफूट भएकोले ७ प्रतिशत घाटामा गएछ। उसको कुल मूनाफा रकम कति भएछ र लगानीमा कति प्रतिशत नाफा भएछ ?

६. भोजले १५० पूर्णाङ्कको अंग्रेजीमा ८० प्रतिशत अङ्क, १२० पूर्णाङ्कको रशायनशास्त्रमा ७० प्रतिशत र १३० पूर्णाङ्कको भौतिकशास्त्रमा ९० प्रतिशत अङ्क ल्याएछ भने उनले पाएको जम्मा अङ्कको प्रतिशत कति होला ?

७. यदि कुनै रकमको ४/७ भाग बराबर रु. २४०/- हुनछ भने कुल रकमको १/४ भाग घटाउँदा कति रकम बाँकी रहन्छ ?

८. सरल गर्नुहोस् :- १.०३३ × २.७३ + १.०६७ – २.००५ ।

९. एउटा मानिसले आफूसंग रहेको रकमको १५ प्रतिशत बृद्धाश्रमलाई, २५ प्रतिशत रकम वालगृहलाई, ३५ प्रतिशत रकम वाढीपिडितको सहयोगको लागि दिएर बाँकी रहेको रु. ४५,०००/- घर खर्चका लागि श्रीमतीलाई दिएछ भने उसँग जम्मा कति रकम रहेछ ?

१०. राम, हरि र सीतालाई ७ : ४ : ९ को अनुपातमा रु. १,२०,०००/- भाग लगाउँदा राम, हरि र सीता प्रत्येकको भागमा कति कति रकम पर्ला ?

❑❑❑

# नेपाल राष्ट्र बैंक

## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०६६/०१/०५

पत्र : द्वितीय

समय : ३ घण्टा  पूर्णाङ्क : १००

### विषय : बैंकिङ्ग तथा लेखा

**कुनै आठ प्रश्नहरूको उत्तर लेख्नुहोस् । सबै प्रश्न समान अङ्कका छन् ।**

१. नेपाल राष्ट्र बैंकले नियमित रूपमा सम्पादन गर्ने कार्यहरू मध्ये कुनै चार वटाको छोटकरीमा वर्णन गर्नुहोस् ।

२. ग्रामीण विकास बैंकहरूको प्रमुख उद्देश्य तथा कार्यहरूका बारेमा उल्लेख गर्नुहोस् ।

३. बैंक नगदी कितावको परिचय दिनुका साथै बैंक नगदी कितावको ढाँचा तयार गरी कुनै पाँच वटा कारोवारको प्रविष्टी (entry) गरी देखाउनुहोस् ।

४. नाफा–नोक्सान खाताको महत्त्व बारे प्रकाश पार्दै कुल नाफा र खूद नाफा बीचका भिन्नताहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

५. तल दिइएका मध्ये कुनै दुई वटाको छोटकरीमा वर्णन गर्नुहोस् ।

   (क) वासलात  (ख) ह्रासकट्टी

   (ग) आन्तरिक लेखापरीक्षण  (घ) शेयर पूँजी

   (ङ) हिसावमिलान विवरण (Reconciliation Statement)

६. सन्तुलन परीक्षण (Trial Balance) को उद्देश्य तथा महत्त्व बारे उल्लेख गर्दै सन्तुलन परीक्षणद्वारा गल्तीको खोजी गर्न प्रयोग गरिने कदमहरू (Steps to Locate Errors) बारे बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

७. आन्तरिक जाँच (Internal Check) र आन्तरिक नियन्त्रण (Internal Control) बीच के फरक छ ? कुनै कम्पनीको स्वस्थ विकासको लागि आन्तरिक जाँच र आन्तरिक नियन्त्रण किन आवश्यक छ ?

८. वित्तीय अनुपात (Financial Ratio) भनेको के हो ? वित्तीय अनुपात अन्तर्गत Currrent Ratio र Quick Ratio को महत्त्व बारे प्रकाश पार्नुहोस् ।

९. प्राथमिक तथ्याङ्ग (Primary Data) र द्वितीयक तथ्याङ्क (Secondary Data) लाई परिभाषित गर्दै प्रत्येकको फाईदा र बेफाईदाको विषयमा वर्णन गर्नुहोस् ।

१०. मनिचेञ्जर र मनिट्रान्सफर भन्नाले के बुझ्नु हुन्छ ? यी दुईमा के भिन्नता छ ? प्रष्ट्याउनुहोस् ।

❑❑❑